# प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद द्वारा गठित कार्यदलको सूचना

माननीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री एवं प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्का अध्यक्ष गिरिराजमणि पोखरेलज्यूको अध्यक्षतामा बसेको परिषद्को १५३ औं बैठकको निर्णयानुसार शुल्क निर्धारण र छात्रवृत्तिमा अध्ययन गर्ने बिद्यार्थीहरुलाई काममा लगाउने सम्बन्धमा आधारहरु तयार गर्न गठित यस कार्यदलले सम्पूर्ण सरोकारवालाहरु बाट तपशीलका विषयमा आवश्यक राय, सुझाव एवं परामर्शका लागि हार्दिक अनुरोध गर्ने भन्ने निर्णय गरेकोले देहायमा उल्लेख भएका बिषयमा यहाँहरुको लिखित वा मौखिक सुझाव भए प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्, केन्द्रीय कार्यालय, सानोठिमी, भक्तपुर स्थित कार्यदलको सचिवालय मार्फत वा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्को इमेल ठेगाना info@ctevt.org.np वा research@ctevt.org.np मार्फत १० दिन भित्र उपलब्ध गराईदिनु हुन अनुरोध छ।

तपशील

१. प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् अन्तरगत संचालित सरकारी, साझेदारी र निजी प्राविधिक शिक्षालयमा लागु गर्नुपर्ने नयाँ शुल्क निर्धारणका मापदण्ड तथा आधारहरु ।

२. छात्रबृतिमा अध्ययन गरी उतीर्ण गरेको बिद्यार्थीहरुलाई सरकारी संस्थामा काम गर्ने गराउने सम्वन्धमा उपयुक्त आधारहरु ।

संयोजक

शुल्क निर्धारण कार्यदल,
प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्